# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

आज ८ मार्च, ११३ औं अन्तर्राष्ट्रिय नारी दिवस। 'लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार' भन्ने नाराका साथ हाम्रो देशमा पनि यो दिवस मनाइँदैछ। यस अवसरमा सम्पूर्ण नेपाली नारीहरुमा सुख, शान्ति एवं समृद्धिका लागि शुभकामना व्यक्त गर्दछु।

लैंगिक समानताका लागि नेपालको संविधान तथा राष्ट्रिय, अन्तराष्ट्रिय कानूनले महिला हक-अधिकारलाई सुनिश्चित गरेको छ। लैंगिक विकास र सशक्तीकरणका विविध आयामहरुमध्ये आर्थिक, सामाजिक, राजनीतिक तथा संस्थागत सशक्तीकरण गर्दै सामाजिक विभेद, हिंसा, अन्याय अन्त्य गर्नुपर्दछ। यसका लागि समाजका सबै वर्ग, समुदायको समान सहभागिता र योगदान आवश्यक पुर्दछ। शिक्षा, स्वास्थ्य, सामाजिकीकरणजस्ता महिला सशक्तीकरणमा दरिलो पाइला अगाडि बढाउन सबै क्षेत्रका नारी-पुरुषहरुले हातेमालो गर्दै अघि बढ्नु नितान्त आवश्यक छ।

अन्त्यमा, पितृसत्तात्मक सोचलाई परास्त गर्दै नारीलाई रोजगारीमा अवसर, न्यायमा सहज पहुँच तथा विकासमा समान सहभागिता गराँउदै अघि बढ्न हामी सबैलाई यो दिवसले प्रेरित गरोस्। सम्पूर्ण दिदिबहिनीहरुमा पुनः एक पटक शुभकामना व्यक्त गर्दछु।

२०७९ फागुन २४ गते बुधबार।

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख